काठमाडौं विश्वविद्यालय
हिमालय सेन्टर फर एसियन स्टडिज् (हिकास)
स्कूल अफ आर्टस्को
कार्यविधि निर्देशिका २०७८

प्रस्तावना

काठमाडौं विश्वविद्यालयले अध्ययन र अनुसन्धानका माध्यमबाट हिमालय क्षेत्रको वारिपारि अवस्थित एशियाका दर्शन, साहित्य, संस्कृति, सभ्यता, कला तथा भाषाहरूको सम्वर्द्धन, संरक्षण र विकास गर्ने अभिप्रायले काठमाडौं विश्वविद्यालयको कार्यकारी परिषद्को मिति २०७६ साल पुस ११ मा बसेको ५९१ औं बैठकको निर्णय अनुसार हाल स्कूल अफ आर्टस्मा रहने गरी "हिमालय सेन्टर फर एसियन स्टडिज" (हिकास) (Himalaya Centre for Asian Studies (HiCAS) को स्थापना भएअनुसार यो कार्यविधि निर्देशिका २०७८ जारी गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधि निर्देशिकाको नाम "हिमालय सेन्टर फर एसियन स्टडिज (हिकास) को कार्यविधि निर्देशिका २०७८" रहेको छ।

(२) यो निर्देशिका मिति.....०८ मङ्सिर २०७८.....बाट प्रारम्भ हुनेछ।

२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

क) "हिकास" वा "अध्ययन केन्द्र" भन्नाले काठमाडौं विश्वविद्यालय स्कूल अफ आर्टस् अन्तर्गत स्थापित "हिमालय सेन्टर फर एसियन स्टडिज्" (हिकास), अर्थात् Himalaya Centre for Asian Studies (HiCAS) सम्झनुपर्नेछ।

ख) "सञ्चालक समिति" भन्नाले दफा ६ बमोजिमको सञ्चालक समिति सम्झनुपर्नेछ।

ग) "सल्लाहकार समिति" भन्नाले सञ्चालक समितिले गठन गरेको दफा ८ बमोजिमको सल्लाहकार-समिति सम्झनुपर्नेछ।

घ) "विशेषज्ञ समिति" भन्नाले सञ्चालक समितिले गठन गरेको विशेषज्ञ समिति सम्झनुपर्नेछ।

ङ) "निर्देशक" भन्नाले दफा ९ बमोजिमको निर्देशक सम्झनुपर्नेछ।

च) "अन्तर्राष्ट्रिय संयोजक" भन्नाले यस अनुसन्धान केन्द्रसँग सहकार्य गरिरहेका दफा १० बमोजिमका व्यक्तिलाई सम्झनुपर्नेछ।

कार्यकारी परिषद्को ५९१औं बैठकबाट स्वीकृत

छ)"वरिष्ठ अनुसन्धाता" भन्नाले यस अनुसन्धान केन्द्रसँग सहकार्य गरिरहेका दफा ११ बमोजिमका व्यक्तिलाई सम्झनुपर्नेछ ।

ज) "अनुसन्धाता" भन्नाले दफा १२ बमोजिमका अनुसन्धाता सम्झनुपर्नेछ ।

झ) "अनुसन्धान सहायक" भन्नाले अनुसन्धातालाई अनुसन्धानमा सहयोग गर्ने सम्बन्धित विषयमा स्नातकोत्तर वा विद्यावारिधि गर्दै गरेको दफा १३ बमोजिमको व्यक्तिलाई सम्झनु पर्नेछ ।

ञ) "अतिथि अनुसन्धाता" भन्नाले आफ्नो विश्वविद्यालयको शैक्षिक कार्यक्रम अन्तर्गत रहेर दफा १४ बमोजिम यस अनुसन्धान केन्द्रमा अनुसन्धान गर्ने विद्यावारिधि प्राप्त अनुसन्धातालाई सम्झनुपर्नेछ ।

ट) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस निर्देशिका अन्तर्गतको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्नेछ ।

३. अध्ययन केन्द्रले समेट्ने अध्ययन-अनुसन्धानको क्षेत्र

१) हिमालय क्षेत्रको वारिपारि अवस्थित एशियाका प्रमुख संस्कृति, सभ्यता र भाषाहरू,
२) एशिया महाद्वीपमा रहेका देशहरूको इतिहास, धर्म-दर्शन, र ज्ञान-परम्परा,
३) आयुर्वेद, योग विज्ञान र अन्य परम्परागत चिकित्सा पद्धति,
४) पारम्परिक कला, सीप, वास्तुकला र नगर-निर्माण जस्ता विषयहरू,
५) संस्कृत लगायत एशियाका अन्य प्राचीन भाषामा रचिएका वेद, त्रिपिटक, आगम, मुन्धुम आदि जस्ता प्राचीन वाङ्मय,
६) भारतवर्ष (विशेषतः हिमवत्खण्ड)का प्रमुख लिपी, भाषा र तिनका साहित्य,
७) प्राचीन हस्तलिखित ग्रन्थहरूको खोज, विद्युतीय वा अन्य माध्यमबाट संरक्षण र सम्पादन,
८) एशियाका धार्मिक-सांस्कृतिक परम्पराका रीतिस्थिति,
९) पुरातात्विक सम्पदाहरूको उत्खनन, अध्ययन, अनुसन्धान र विश्लेषण,

४. अध्ययन केन्द्रको काम, कर्तव्य र अधिकार

अध्ययन केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१) देश भित्र वा बाहिरका सम्बन्धित क्षेत्रका विद्वान्हरूलाई अध्ययन-अनुसन्धानका अवधारणाहरू आदानप्रदान गर्न साझा मञ्च, छात्रवृत्ति/शोधवृत्ति, लघु अनुदान एवं प्राज्ञिक सम्बन्धन उपलब्ध गराउनु र सहकार्य गर्दै गुणात्मक अनुसन्धानलाई सहजीकरण गर्नु ।

२) सम्बन्धित क्षेत्रमा नवीनता सहितको अन्तर्विषयक/बहुविषयक एवं बहुशास्त्रीय शैलीका अल्पकालीन र दीर्घकालीन शोधकार्यक्रम र पाठ्यक्रमको तर्जुमा एवं कार्यान्वयन गर्नु ।

३) अन्तरक्रिया र प्रवचन शृङ्खला, कार्यशाला गोष्ठी, ग्रीष्मकालीन स्कूल (Summer School) आदिका माध्यमले एसियाका सांस्कृतिक सम्पदाप्रति प्राज्ञिक चेतना अभिवृद्धि गर्नु ।

४) अनुसन्धानबाट प्राप्त उपलब्धिहरूलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय समुदायसम्म पुऱ्याउन निश्चित समयको अन्तरालमा प्रवचनमाला, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यशाला, प्रशिक्षण र प्रदर्शनीको आयोजना गर्नु ।

५) स्वदेशी तथा विदेशी विश्वविद्यालय, अनुसन्धान केन्द्रहरुसँग सम्बन्ध स्थापित गरी पूर्वीय दर्शन तथा एसिया अध्ययनको विकासका लागि चौतर्फी सहकार्य गर्नु र प्राध्यापक तथा अनुसन्धाताको आदान-प्रदान गर्नु ।

६) प्राप्त ज्ञानलाई जनसाधारणका लागि उपयोगी बनाउन आवश्यक श्रव्य-दृश्य सामग्री उत्पादन गर्ने र उत्पादित सामग्रीलाई विश्वविद्यालयकासाथै अन्य शैक्षिक सांस्कृतिक संस्था र संचार माध्यमहरूमार्फत प्रचार-प्रसार गरी एसियाली अध्ययनका क्षेत्रमा चेतना प्रवर्धन गर्नु ।

७) सम्बन्धित विषयमा अनुसन्धानमुखी अनलाइन शोधपत्रिका(जर्नल) र विशिष्टीकृत पुस्तकमाला प्रकाशनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्य गर्नु ।

८) अन्तर्राष्ट्रिय जगत्मा अध्ययन, अनुसन्धान भएका सांस्कृतिक परम्पराका ग्रन्थ, दस्तावेज एवं अभिलेखहरू स्पष्ट पार्ने, व्याख्या गर्ने जस्ता कार्यमा नेपाल लगायत अन्य मुलुकका विद्वान्हरूको महत्वपूर्ण र विशिष्ट भूमिका सुनिश्चित गर्न पहल गर्नु ।

९) योग र सम्यक स्मृति (Mindfulness), पारम्परिक र वैकल्पिक चिकित्सापद्धति, कला एवं वास्तु जस्ता एसियाली सांस्कृतिक सम्पदाको ज्ञान सर्वसुलभ बनाउन औपचारिक पूर्णकालीन शिक्षा बाहेक अन्य प्रशिक्षण आदिको विकास गर्नु ।

१०) बहुआयामिक बहुशास्त्रीय एशियाली अध्ययन-अनुसन्धानका लागि भौतिक र संस्थागत आधार खडा गर्नु ।

११) विश्वविद्यालय, सरकार, उद्योग-व्यवसायी, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था र व्यक्तिहरुबाट दान-दातव्यको जोहो गरी दाताका नाममा प्राज्ञिक पद र शोधवृत्तिको स्थापना गर्नु ।

१२) यस अध्ययनकेन्द्रको उद्देश्य प्राप्तिका लागि विशेष प्रकृतिको पुस्तकालयसहितको आफ्नै अध्ययन केन्द्र निर्माणका निम्ति विविध स्रोतबाट रकम जुटाउनु ।

१३) एशियाली अध्ययनको क्षेत्रमा उल्लेखनीय योगदान दिएका प्राज्ञलाई सम्मान गर्नका लागि आवश्यक श्रोत व्यवस्थापनका लागि पहल गर्नु ।

५. सहकार्य

१) हिकाससँग सहकार्य गरी अनुसन्धान गर्न इच्छुक व्यक्ति वा संस्थाले संयुक्त रुपमा अनुसन्धान गर्ने उद्देश्यले राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थामा शोध-प्रस्ताव लैजान चाहेमा यस अध्ययन केन्द्रको सञ्चालक समितिमा संस्थागत दायित्व विभाजन सहितको छोटो र स्पष्ट आशयपत्र प्रस्ताव पेस गर्नुपर्नेछ ।

२) यस्तो प्रस्तावलाई स्वीकृतिदिंदा सहकार्य गर्ने व्यक्ति वा संस्थाको आपसी हित र विकासमा समेत सहयोगी हुनुपर्नेछ ।

३) प्रस्तावित आशयपत्रमाथि आवश्यक छलफल गरी सञ्चालक समितिले उपयुक्त समयमा निर्णय दिनेछ ।

४) आशयपत्र व्यक्ति वा संस्थाले स्वीकृत शोधकार्यको विस्तृत कार्यक्रम सुरु गर्नुभन्दा कम्तीमा एक महिनाअघि सञ्चालक समितिमा पेस गरी सदर गराउनुपर्नेछ ।

५) ग्रीष्मकालीन सत्रजस्ता शिक्षण-प्रशिक्षणमा सहकार्य गर्न चाहने संस्थाले कार्यक्रम संचालनका लागि कम्तीमा छ महिनाअघि नै प्रस्ताव पेश गर्नुपर्नेछ ।

६) सहकार्यमा सञ्चालित कार्यक्रम तथा परियोजनाका सन्दर्भमा सञ्चालित कार्यक्रमकै स्रोत साधनवाट आवश्यकता अनुसार अनुसन्धाता वा कर्मचारीलाई करारमा नियुक्ति दिन सकिनेछ ।

६. सञ्चालक समिति

१) सञ्चालक समितिमा देहाय बमोजिमका बढीमा ७ सदस्यहरू रहनेछन् ।

क) डीन, स्कूल अफ आर्टस्	
ख) हिकास सस्थापनमा संलग्न	अध्यक्ष
प्रा. दीवाकर आचार्य, प्रा. सागरराज शर्मा र श्री मुकुन्दप्रसाद उपाध्याय	सदस्य ३ जना
ग) अन्तर्राष्ट्रिय संयोजक	सदस्य १ जना
घ) डीन, स्कूल अफ आर्टस्ले मनोनीत गरेका विज्ञ	सदस्य १ जना
ङ) निर्देशक	सदस्य सचिव

२) पदेन सदस्यहरू बाहेक अन्य सदस्यहरूको पदावधि ५ वर्षको हुनेछ ।

३) अध्यक्ष को अनुपस्थितिमा निजले तोकेका सदस्यले समितिको अध्यक्षता गर्नेछन् ।

४) अध्यक्षले तोकेका सदस्यले सञ्चालक समितिको सचिवको काम गर्नेछन् ।

७. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार

१) सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) अध्ययन केन्द्रको अनुसन्धान नीति तथा वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।

ख) अध्ययन केन्द्रको स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गराउने ।

ग) अनुसन्धान केन्द्रमा अनुसन्धान तथा प्रशासनिक कार्यका लागि आवश्यक पर्ने जनशक्तिको चयन तथा नियुक्तिका लागि आवश्यक कार्य गर्ने ।

घ) स्वदेशी तथा विदेशी विश्वविद्यालय, अनुसन्धान केन्द्र तथा दातृ निकायहरुसँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

२) सञ्चालक समितिले आवश्यकता अनुसार "विशेषज्ञ समिति"हरू गठन गरी तिनवाट आवश्यक सहयोग लिन सक्नेछ । उक्त समितिको काम, कर्तव्य र अधिकार सञ्चालक समितिले तोकेबमोजिम हुनेछ ।

३) सञ्चालक समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।

८. सल्लाहकार-समितिको गठन, काम, कर्तव्य र अधिकार

१) यस अध्ययनकेन्द्रलाई आवश्यक राय सुझाव दिनका लागि काठमाडौं विश्वविद्यालयका संस्थापक उपकुलपतिको नेतृत्वमा विशिष्ठ व्यक्तिहरुको एउटा सल्लाहकार समिति रहने छ। यसमा काठमाडौं विश्वविद्यालयका पूर्व उपकुलपतिहरु, वर्तमान उपकुलपति, र रजिष्ट्रारसहित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरू यस समितिका सदस्य रहनेछन्।

२) पदेन बाहेकका सदस्यहरुको चयन यस समितिको राय, परामर्शमा सञ्चालक समितिले गर्नेछ।

३) अध्ययन केन्द्रको कार्यक्रम तथा योजनामाथि राय-सुझाव दिने काम यस समितिले गर्नेछ।

४) समितिका सदस्यहरूको पदावधि ५ वर्षको रहने र आवश्यकता अनुसार थप गर्न सकिनेछ।

५) सल्लाहकार समितिको सञ्चालन सम्बन्धी कार्यविधी सल्लाहकार समिति आफैंले निर्धारण गर्नेछ।

९. निर्देशक

१) यस अध्ययन केन्द्रको प्राज्ञिक र प्रशासकीय प्रमुखको रुपमा काम गर्न एकजना निर्देशक रहनेछ।

२) निर्देशकको चयन खुल्ला प्रतिस्पर्धाबाट हुनेछ र यसका लागि न्यूनतम योग्यता एशोसियट प्रोफेसर वा सो सरहको योग्यता पुगेको व्यक्ति हुनेछ। निर्देशकको नियुक्ति सञ्चालक समितिको सिफारिशमा काठमाडौं विश्वविद्यालयको कार्यकारी परिषद्ले गर्नेछ।

३) निर्देशकको कार्य विवरण सञ्चालक-समितिले तोके बमोजिम रहनेछ।

४) निर्देशकको कार्य अवधि ३ वर्षको हुनेछ। कार्यमूल्याङ्कनको आधारमा आवश्यक परेमा निजको कार्यावधि नवीकरण गर्न सकिनेछ।

५) निर्देशकको पारिश्रमिक तथा सुविधा तोकिए बमोजिम हुनेछ।

१०. अन्तर्राष्ट्रिय संयोजक (International Co–ordinator)

१) नेपालबाहिर प्राध्यापकको रुपमा कार्यरत रही हिकासलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन योगदान गर्ने विज्ञलाई सञ्चालक-समितिले अवैतनिक अन्तर्राष्ट्रिय संयोजक (International Co–ordinator) को रूपमा तोक्न सक्नेछ।

२) संयोजकको काम, कर्तव्य र अधिकार सञ्चालक समितिले तोके अनुसार हुनेछ।

३) यस्तो नियुक्ति बढीमा ३ वर्षका लागि हुनेछ र आवश्यक परेमा नवीकरण गर्न सकिनेछ।

११. वरिष्ठ अनुसन्धाता (Senior Research Fellow)

१) आफ्नो क्षेत्रमा विशिष्ट योगदान गर्दै आएका र हिकासमा समय-समयमा आई अनुसन्धानमा संलग्न हुन चाहने स्वदेशी तथा विदेशी विज्ञलाई सञ्चालक समितिले अवैतनिक वरिष्ठ-अनुसन्धाता (Senior Research Fellow) का रूपमा नियुक्त गर्न सक्नेछ।

२) वरिष्ठ-अनुसन्धाताले प्रत्येक वर्ष कम्तीमा दुई हप्ता यस अध्ययन केन्द्रमा रही कार्य गर्नुपर्नेछ।

३) यस्तो नियुक्ति ३ वर्षका लागि हुनेछ र सञ्चालक समितिले आवश्यक ठानेमा आवश्यकता अनुसार थप घट गर्न सक्नेछ।

१२. अनुसन्धाता (Research Fellow)

१) यस अध्ययन केन्द्रमा अनुसन्धाताका रूपमा विभिन्न प्राज्ञिक क्षेत्रका विज्ञ रहन सक्नेछन् ।

२) अनुसन्धाताको नियुक्ति शोधप्रस्तावनाको आधारमा सञ्चालक समितिले गर्नेछ ।

३) अनुसन्धाताको कार्य विवरण तथा कार्यावधि सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

४) अनुसन्धाताको कार्यमूल्याङ्कन हेरी आवश्यकता अनुसारसञ्चालक समितिले निजको समयावधि थप्न सक्नेछ ।

५) अनुसन्धाताको पारिश्रमिक तथा सुविधा तोके बमोजिम हुनेछ । बाह्य श्रोतबाट शोधकार्यका लागि ल्याइएको अनुदानका हकमा निजको थप सेवा सुविधा काठमाडौं विश्वविद्यालयको नियमानुसार हुनेछ ।

१३. अनुसन्धान सहायक (Research Assistant)

१) हिकासमा आएका अनुसन्धान कार्यका लागि आवश्यकता परेमा अनुसन्धान सहायकहरु रहन सक्नेछन् ।

२) अनुसन्धान सहायकको नियुक्ति सञ्चालक समितिको स्वीकृति लिई अनुसन्धाताले करारमा गर्न सक्नेछ ।

३) अनुसन्धान सहायकका लागि सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण भएका अथवा निजको दक्षता, विज्ञता र अनुभव आदिलाई आधार मान्न सकिने छ ।

४) अनुसन्धान सहायकको कार्य विवरण अनुसन्धाताले तोके बमोजिम हुनेछ ।

५) अनुसन्धान सहायकको पारिश्रमिक तथा सुविधा तोके बमोजिम हुनेछ ।

१४. अतिथि अनुसन्धाता (Visiting Fellow) (अवैतनिक)

१) नेपाल बाहिर अनुसन्धाताको रूपमा कार्यरत नेपाली तथा विदेशी नागरिकहरुलाई अतिथि अनुसन्धाताको रुपमा सञ्चालक समितिले नियुक्त गर्न सक्नेछ ।

२) अतिथि अनुसन्धाताले यस अनुसन्धान केन्द्रमारही कम्तीमा पनि २ हप्ता कार्य गर्नुपर्नेछ ।

१५. अध्ययन केन्द्रको स्रोत परिचालन

१) यस अध्ययन केन्द्रको कार्यसंचालनका लागि प्राप्त हुने रकम आम्दानी खातामा जम्मा भई यस केन्द्रको नाममा खोलिएको खर्च खातामा रहने छ ।

२) हिकासका आय-स्रोत देहाय बमोजिम हुन सक्नेछन् ।

क) नेपाल सरकारबाट प्राप्त रकम,

ख) केन्द्र, प्रदेश, तथा स्थानीय सरकारबाट प्राप्त रकम,

ग) विश्वविद्यालयहरुबाट प्राप्त रकम,

घ) स्वदेशी तथा विदेशी दातृ निकाय, संघ संस्था तथा व्यक्तिबाट प्राप्त रकम,

ङ) अध्ययन केन्द्रले हासिल गरेका आविष्कार, प्रकाशन तथा अन्य प्रतिफलहरू माथिको पेटेन्ट

मार्फत प्राप्त रकम,

च) स्वदेशी तथा विदेशी विद्यार्थीबाट प्राप्त रकम,

छ) अन्य वैधानिक श्रोतबाट प्राप्त रकम ।

३) यस अध्ययन केन्द्रको सम्पूर्ण स्रोत परिचालन काठमाडौं विश्वविद्यालयको आर्थिक नियमानुसार हुनेछ ।

४) यस अध्ययन केन्द्रको आन्तरिक तथा बाह्य लेखापरीक्षण विश्वविद्यालयको प्रचलित नियमानुसार गरिनेछ ।

१६. अन्य

१) यस कार्यविधि निर्देशिका कार्यान्वयनका सन्दर्भमा केही थप घट गर्नुपरेमा सञ्चालक समितिले सल्लाहकार समितिको परामर्शमा आवश्यक परिमार्जन गर्न सक्नेछ ।

२) यस अध्ययन केन्द्र धेरै समयसम्म निष्प्रभावी भई कार्यगर्न नसकेको अवस्थामा केन्द्रको सम्पूर्ण जायजेथा तथा दायित्व स्वतः काठमाडौं विश्वविद्यालयको हुनेछ ।